श्री नर्मदा गौतम पौडेलज्यूबाट प्रस्तुत

आ.व. २०८०/०८१ को

# वार्षिक बजेट वक्तव्य

पाणिनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची

१० असार, २०८०

**सम्माननीय सभाध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरू,**

**राष्ट्रसेवक कर्मचारीहरू,**

**सम्पूर्ण सञ्चारकर्मी तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू र आम पाणिनीबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरू,**

**सभाध्यक्ष महोदय,**

१. यस गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको तेश्रो अधिवेशनमा गाउँपालिकाबासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न पालिकाबासीको आवश्यकतालाइ बजेटमा आत्मसात् गर्न यस गरिमामय सभासमक्ष पाणिनी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा सम्मानित सभाप्रति आभार प्रकट गर्दछु ।

२. सर्वप्रथम देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक सङ्घर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते, अपाङ्ग, बेपत्ता योद्धाहरूको त्याग, तपस्या र बलिदान तथा अग्रजहरूको अतुलनीय योगदानको उच्च सम्मान गर्दछु ।

३. पाणिनी गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्य, प्रचलित कानुनी व्यवस्था, नेपाल सरकार, प्रदेश सरकार र पाणिनी गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य तथा विगतका जनप्रतिनिधिहरूको सुझाव तथा अनुभव, विभिन्न निकाय तथा व्यक्तिहरूबाट प्राप्त सुझावलाई आधार बनाएको छु ।

४. विगतको कोभिड — १९ का कारण सामाजिक जनजीवनका साथै विकासका क्रियाकलापमा परेको असर तथा रूस — युक्रेन द्वन्द्वबाट देशको समग्र आर्थिक स्थितिमा पर्न गएको असरलाई समेत मध्यनजर गर्दै राष्ट्रिय, प्रादेशिक र स्थानीय आवश्यकता र लक्ष्य हासिल हुने गरी बजेट केन्द्रित गरेको छु ।

५. स्थानीय सरकारप्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरूको कमी, विश्वव्यापी रूपमा फैलिएको महामारी कोभिड - १९ को अवस्था सेलाउन नपाउँदै वर्तमान अवस्थाको मूल्य वृद्धिको कारण मानसिक तनाव, गरिबिको वृद्धि रोजगारीको सीमितताको

बीचबाट माथि उठ्दै उपलब्ध स्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहँदै पनि गाउँपालिकाप्रतिको गाउँवासीहरूको सद्भाव, विकास र समृद्धिप्रतिको उच्च चाहनाको परिणामस्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन आउने कुरामा म पूर्ण विश्वस्त छु ।

६. पाणिनी गाउँपालिकालाई नेपालको सबै स्थानीय तहमध्येको उत्कृष्ट गाउँपालिकाको रूपमा परिचित गराउनु अह्म जिम्मेवारी र चुनौति हामीबीचमा छ ।

७. स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी लाभ र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासको लागि पूर्वाधार निर्माण गर्ने, सन्तुलित रूपमा वडागत विकास गर्ने र उच्चदरको आर्थिक वृद्धिदर हासिल गर्न तर्फ यो बजेट केन्द्रित हुनेछ ।

८. पाणिनी गाउँसभाबाट विगतमा पारित नीति तथा कार्यक्रमको मार्गदर्शन र स्थानीय सरकारको अधिकार क्षेत्रको परिधिभित्र रही गाउँकार्यपालिकाका बैठक, विषयगत शाखाहरू समेतको परामर्श र सर्वपक्षीय/दलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखी स्थानीय ऐन कानूनमा उल्लेखित प्रावधानहरू, विकासका समसामयिक मुद्दाहरू जस्तै: दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन,लैङ्गिक सशक्तिकरण, वातावरणमैत्री स्थानीय शासन, विषयगत शाखाहरूबाट प्राप्त सुझाव लगायतका विषयलाई ध्यानमा राखेको छु।

**सभाका अध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको बजेटको अवस्था र नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

९. स्थानीय तह सदस्य निर्वाचन, २०७९ पछिको पहिलो वर्षमा स्थानीय सरकार सञ्चालनका लागि आवश्यक पर्ने अधिकाशं नीतिगत तथा कानुनी पूर्वाधार तय भएको छ । आगामी वर्षमा आवश्यकतानुसारका नयाँ नीति तथा कानुन र योजना तर्जुमा गर्नु पर्नेछ ।

१०. जिल्लाको साझा सरोकार, अन्तरपालिका समन्वय र सहकार्य तथा आपसी एकतालाई मजबुत पार्ने खालका साझा सरोकारका आयोजनाहरू पहिचान भई जिल्लास्तरको कार्ययोजना समेत तयार भएकाले अन्तरपालिका साझेदारीमार्फत न्यून लागतमा अधिकतम् उपलब्ध हासिल हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न सकिने अवसर छ ।

११. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म स्थानीय सञ्चित कोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु. १० करोड २८ लाख, सशर्त अनुदान वापत रु. ३४

करोड ५५ लाख ६५ हजार, समपूरक अनुदान वापत १ करोड ७० लाख, विशेष अनुदान बापत रु. ८२ लाख ५० हजार प्राप्त भएको छ भने प्रदेश सरकारबाट समानीकरण अनुदान वापत रु. ६३ लाख ४९ हजार, सशर्त अनुदानबापत रु. ७३ लाख, विशेष अनुदान वापत रु. ५६ लाख ५० हजार र समपूरक अनुदान वापत रु. १ करोड ४ लाख प्राप्त भएको छ । नेपाल सरकारवाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु. ६ करोड ६ लाख र प्रदेश सरकारबाट सवारी साधन कर राजस्व बाँडफाँडाबाट रु ५९ लाख २० हजार प्राप्त भएको छ । त्यसैगरी आन्तरिक राजस्वतर्फ रु. ७८ लाख ६८ हजार प्राप्त भएको छ ।जेठ मसान्तासम्म स्थानीय सञ्चित कोषमा जम्मा रू. ५७ करोड ७७ लाख २ हजार रूपैया प्राप्त भएको छ ।

१२. खर्चतर्फ स्थानीय सञ्चित कोषबाट चालुतर्फ रू. ३५ करोड २२ लाख ६७ हजार अर्थात कुल चालु बजेटको ६९ प्रतिशत र पुँजीगतर्फ रू. १२ करोड ८६ लाख २९ हजार अर्थात कुल पुँजीगत बजेटको ५३ प्रतिशत खर्च भएको छ ।

१३. आर्थिक वर्ष २०७९/०८० मा शर्सत र निर्शत गरी कूल ३६५ वटा योजना सम्झौता भएका छन् । हालसम्म १८४ योजना भुक्तानी भएका छन् भने ठेक्का तथा कोटेशन / परामर्शतर्फ २६ वटा सम्झौता भएका मध्ये १४ वटा योजना हालसम्म भुक्तानी भएका छन् ।

१४. समपूरकतर्फ कार्यान्वयन भएको प्रशासनिक भवनको ठेक्का सम्झौता अनुसारको कार्य सम्पन्न भएको तथा अन्य बाँकी कार्यका लागि प्रक्रिया अगाडि बढेको छ । त्यस्तै, धातिवाङ्ग स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न भइसकेको, १५ शैयाको पालिका अस्पताल द्रुत गतिमा निर्माण भइरहेको र खिदिम स्वास्थ्य चौकीको निर्माण कार्य भइरहेको छ ।

१५. प्रदेश सरकारबाट हस्तान्तरित ११ वटा आयोजनाहरू मध्ये ४ वटा योजनाहरूको भुक्तानी भईसकेको र अन्य ७ वटा योजनाहरू निर्माण कार्य सम्पन्न भई भुक्तानी प्रक्रियाको चरणमा रहेका छन् ।

१६. मुलुक आर्थिक सङ्कटबाट गुज्रिरहेको परिप्रेक्ष्यमा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्वमा लक्ष्य अनुरूपको अनुदान तथा राजस्व प्राप्त नहुने देखिएको छ । जसले गर्दा समग्र आर्थिक विकासका क्रियाकलापहरूमा प्रत्यक्ष नकारात्मक असर पुग्ने देखिन्छ ।सङ्घीय सरकारबाट प्राप्त हुने अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदानमा ५० प्रतिशत रकम कटौती भएको र हालसम्म सङ्घीय राजस्वतर्फ करिब ६० प्रतिशत मात्र

रकम प्राप्त भएको छ ।फलस्वरूप चालु आर्थिक वर्षमा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको भुक्तानी प्रदान गर्न नसकिने र आगामी आर्थिक वर्षमा स्रोतगत दायित्व सिर्जना हुने अवस्था देखिन्छ।

**सभाध्यक्ष महोदय,**

१७. आगामी आर्थिक वर्षहरूमा गाउँपालिकाको समुन्नतिका लागि सामाजिक न्यायसहितको दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न लगानी तथा त्यसको उत्पादकत्व बढाउनु पर्नेछ। सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यबाट यो लक्ष्य हासिल गर्नुपर्नेछ । सरकारको बजेटको खर्चलाई प्रतिफलमुखी बनाउँदै पूँजीगत खर्च गर्न सक्ने क्षमता र पूँजीगत खर्चको गुणस्तर बढाउन प्रभावकारी बजेट कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनका साथै थप मेहनत गर्नु पर्नेछ । आगामी बजेट तथा कार्यक्रम यी विषयहरूलाई सम्बोधन गर्नेतर्फ परिलक्षित छ । चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको कुल बजेटको आकारमा १३.५० प्रतिशतले कमी हुने देखिएकाले प्राप्त बजेटको विवेकपूर्ण परिचालन हुने गरी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरिएको छ ।

१८. कोभिड- १९ का कारण प्रभावित जनजीवन विस्तारै पूर्ववत् लयमा फर्किएको छ । सबै नागरिकलाई कोभिड - १९ विरुद्धको खोप पहुँचमा ल्याउने नेपाल सरकारको कार्यक्रम बमोजिम यस गाउँपालिकामा लक्षित जनसङ्ख्याको शत प्रतिशत नागरिकमा पूर्ण मात्राको खोप लगाइसकिएको छ । खोपको पहुँच, स्वास्थ्यकर्मीहरूको योगदान र आम पालिकाबासीको सावधानीका कारण कोभिड - १९ संक्रमण जोखिमबाट क्रमशः सामान्य अवस्थामा फर्किएका छौं । जस्तोसुकै परिस्थितिमा आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई सुरक्षित र सचेत एवम् समुन्नत र सुसंस्कृत समाज निर्माण गर्न गाउँपालिका दृढ छ ।

१९. न्यून जनशक्तिको उपलब्धता र सीमित साधनको बाबजुद पनि सन्तोषप्रद कार्यसम्पादन भइरहेको छ । गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, उर्जावान सचेत समाज निर्माण, विकासको छनौट, कार्यान्वयन र वितरण लगायत हरेक तहमा हरेकको अर्थपूर्ण जनसहभागिता र सुशासन प्रवर्द्धनमा यस पालिका कटिवद्ध छ।

२०. स्थानीय तह निर्वाचन, २०७९ सँगै स्थानीय सरकार सञ्चालन गर्ने जिम्मेवारी प्राप्त हुँदै गर्दा यसभन्दा अगाडिको सरकारले हासिल गरेका उपलब्धि, नीति तथा कार्यक्रम र अनुभवलाई पनि सदुपयोग गर्दै संविधान प्रदत्त अधिकार क्षेत्रको प्रयोग गर्दै नेपाल सरकारले लिएको

**"सुखी नेपाली, समृद्ध नेपाल"** को नारा र प्रदेश सरकारले लिएको **"समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश"** को नारालाई सार्थक बनाउन तथा स्थानीय सरकारको तर्फबाट समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न **"पाणिनी र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनी निर्माण हाम्रो अभियान"** को नारासहित महत्त्वाकांक्षी र दूरगामी लक्ष्यसहितको योजनालाई कार्यान्वयन गर्न यो बजेट सहयोगी हुने विश्वास मैले लिएको छु ।

२१. बजेट विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका लागि राजनीतिक संयन्त्र व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको सहयोगमा पालिकामा उपलब्ध सबै प्रकारका स्रोत तथा साधनको कुशलतम परिचालन एवम् उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सङ्ख्यात्मक एवम् गुणात्मक परिवर्तन र समृद्ध पालिका निर्माण गर्ने पर्याप्त सम्भावना हामीसँग छ ।

२२. यी सम्भावनाहरूलाई मूर्तरूप दिन यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका चुनौतिहरू यस प्रकार प्रस्तुत गरेको छु ।

**क. आन्तरिक राजस्व व्यवस्थापन**

गाउँपालिकाभित्र आन्तरिक राजस्व सङ्कलनमा पर्याप्त सम्भावनालाई पूर्ण उपयोग गर्नु पर्ने चुनौति छ । गाउँपालिकाको आन्तरिक राजस्व चुहावटलाई नियन्त्रण गर्दै राजस्व व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई राजस्व वृद्धि गर्नु चुनौतिपूर्ण छ ।

**ख. आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि**

स्थानीय माटो र हावापानी सुहाउँदो उत्पादनका साधनहरूमाथि उत्पादक शक्तिको पहुँच वृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने चुनौति छ । उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यमबाट आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु अर्को चुनौति रहेको छ ।

**ग. कार्यान्वयन क्षमता वृद्धिः**

गाउँपालिकाभित्र सञ्चालन हुने विकास आयोजनाहरूको न्यून व्यवस्थापकीय क्षमता, निर्माण व्यवसायी र उपभोक्ता समितिको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानूनी, नीतिगत र प्रक्रियागत जटिलताका कारण आयोजनाहरू तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरूको काम गर्ने उत्साहमा कमी, नतिजा प्राप्तिप्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर देखिन्छ । स्थानीयस्तरमा दक्ष र सीपयुक्त

जनशक्ति उत्पादन, आपसी समन्वय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी लक्ष्य बमोजिम कार्यसम्पादन गर्नु चुनौतिपूर्ण छ ।

**घ. सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षणः**

सार्वजनिक निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायीहरूको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरू छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन्। सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने, दोहोरो खर्च रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पत्तिको उचित उपयोग र संरक्षण गर्ने कार्य चुनौतिपूर्ण छ ।

**ङ. आर्थिक तथा सामाजिक विकासः**

भौतिक पूर्वाधार विकास क्रमशः भैरहे पनि आम नागरिकको जीवनस्तर माथि उकास्न शिक्षा, स्वास्थ्य, सरसफाई, रोजगारी क्षेत्रमा आमूल परिवर्तन नभएसम्म वास्तविक विकासको आभास नहुने भएकाले मानव विकास सूचकाङ्कमा पछि परेको पालिकाबासीको चिन्तन, जीवनशैली, शिक्षा स्वास्थ्यमा गुणस्तर ल्याउनु र रोजगारी सृजना गर्नु चुनौतिपूर्ण छ ।

**च. स्थानीयस्तरमा रोजगारी सृजना र बसाइँसराई न्यूनीकरणः**

गाउँमा रोजगारी तथा आम्दानीको सम्भावना नभएर वा नदेखेर गाउँ छोडेका यूवाहरूलाई स्थानीय स्तरमै टिकाउन सकेमा गाउँपालिका विकासमा कोशेढुङ्गा सावित हुनेछ । उनीहरूलाई गाउँमै काम दिन सक्ने वातावरण सिर्जना गर्ने कार्य निकै चुनौतिपूर्ण छ ।साथै बढ्दो बसाइँसराई दरलाई घटाउन गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता गर्नुसमेत चुनौतिपूर्ण छ ।

**छ. सूचना तथा सञ्चार प्रविधिको प्रयोगः**

सूचना तथा सञ्चारको पहुँच नभएकाले विकास निर्माण, कार्यान्वयन, आपसी समन्वय सेवा प्रवाहका क्रममा असहजता पैदा हुनुका साथै लागत समय र स्रोत महँगो पर्न जान्छ। गाउँपालिकाभित्रका सबै जनताले सूचना तथा सञ्चारमा सहज रुपमा पहुँच स्थापित गर्नका लागि आवश्यक सूचना तथा सञ्चार प्रविधि पूर्वाधारहरूको निर्माण गर्ने कार्य पनि चुनौतिपूर्ण छ।

**ज. सुशासन अभिवृद्धिः**

सबै वर्ग क्षेत्रको अर्थपूर्ण सहभागिता, कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ ।साथै सुशासन कायम गर्न नवीन प्रविधिहरूको उपयोग गर्ने कार्यसमेत चुनौतिपूर्ण छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस बजेटका उद्देश्य, प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२३. पालिकामा रहेका विद्यमान अवसरहरूको सदुपयोग तथा चुनौतिहरूको सामना गर्ने गरी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ । यो बजेटका उद्देश्यहरूलाई यस प्रकार प्रस्तुत गरेको छु ।

**उद्देश्यहरूः**

क. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ जस्ता आधारभूत पक्षलाई प्राथमिकता दिंदै सबैको समतामूलक पहुँचमा जोड दिने,

ख. उत्पादन र उत्पादकत्त्वमा वृद्धि गरी आर्थिक स्थायित्व कायम गर्ने,

ग. कृषि, उद्योग, पर्यटन तथा नवप्रर्वतन र उद्यमशीलता प्रर्वद्धन गर्दै उत्पादन तथा रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,

घ. दिगो, अन्तर सम्बन्धित भौतिक पूर्वाधारहरूको विकास तथा विस्तारमार्फत सुरक्षित संरचनामा जोड दिदै परम्परागत सांस्कृतिक सम्पदाको संरक्षण र विकास, गुणस्तरीय र प्रविधिमैत्री सार्वजनिक सेवा, सङ्घीयताको प्रभावकारी कार्यान्वयन र सुशासन प्रवर्द्धनलाई आत्मसात गर्ने,

ङ. आन्तरिक राजस्वको दायरा विस्तार, आन्तरिक राजस्व प्रणाली व्यवस्थापन र स्थानीय राजस्व क्षमता अभिवृद्धिमा जोड दिदै उपलब्ध स्रोत साधनको विवेकपूर्ण उपयोग गरी आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिने,

च. वन, वातावरण, जलवायु अनुकूलन, प्राकृतिक तथा जैविक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र वितरण प्रणालीमा सुधार गरी गाउँपालिकामा विपद् व्यवस्थापनसम्बन्धी दिगो उपायहरू अवलम्बन गर्ने,

छ. सबै वर्ग, लिङ्ग, समूहको अपनत्व गराई समतामूलक सभ्य समाजको निर्माण र प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रर्वद्धन गर्ने ।

२४. **यी उद्देश्यहरूलाई हासिल गर्नको लागि आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकताहरू देहाय बमोजिम निर्धारण गरिएको छ ।**

क. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ,

ख. घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट स्थानीय उत्पादन र उत्पादकत्त्व वृद्धि र बजारीकरण,

ग. कृषि, उद्योग, पर्यटन तथा नवप्रर्वतन, वैज्ञानिक अनुसन्धान र विकास तथा उद्यमशीलतामार्फत रोजगारी सिर्जना र गरिबी न्यूनीकरण,

घ. भौतिक पूर्वाधारहरूको विकास र परम्परागत सांस्कृतिक सम्पदाको संरक्षण,

ङ. आन्तरिक राजस्व प्रणाली व्यवस्थापन,

च. विपद् व्यवस्थापन, वन तथा भूसंरक्षण, जलवायु परिवर्तन अनुकूलन,

छ. संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन र प्रविधिमैत्री सार्वजनिक सेवा।

**सभाध्यक्ष महोदय,**

अब म यिनै अवसर, चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रही तयार गरिएको आगामी आर्थिक वर्ष २०८०/०८१ को आयव्ययको अनुमान यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

२५. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँड वापत् प्राप्त हुने रकम, आन्तरिक आय तथा राजस्वबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्त्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र वडा स्तरबाट माग भएका वडास्तरीय आयोजनाहरूमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. नेपाल सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदानका रूपमा प्राप्त आयोजना तथा कार्यक्रमहरू पालिकाको प्राथमिकताको आधारमा छनौट गरी प्राप्त मार्गदर्शन बमोजिम समयमैं कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

२७. वडा तहको पूर्वाधार विकास, कृषिमा व्यवसायीकरण, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्कको विकासका लागि रु ४२ लाखका दरले जम्मा रु. ३ करोड ३६ लाख वडा तर्फ विनियोजन गरेको छु।

२८. यस गाउँपालिकाबाट सिफारिस माग गरिए बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत भई आएमा समपूरक अनुदानतर्फको आयोजना कार्यान्वयन गर्न स्थानीय तहबाट रू. २ करोड ५ लाख लागत सहभागिता सुनिश्चित गरी यसतर्फ कुल रू. ४ करोड १० लाख विनियोजन गरेको छु ।

**क. आर्थिक विकास क्षेत्रः**

२९. आर्थिक विकास क्षेत्र तर्फ कुल रु. ३ करोड ४७ लाख विनियोजन गरेको छु । जसमध्ये सङ्घीय सशर्त बाट रु. १ करोड २४ लाख र पालिका बाट रु. २ करोड २३ लाख विनियोजन भएको छ ।

३०. कृषिलाई प्राथमिकतामा राखी प्रत्येक वडालाई प्रदान गरिएको बजेट सीमाबाट कम्तिमा २० प्रतिशत आर्थिक विकास क्षेत्रका उपक्षेत्रमा बाँडफाँडको व्यवस्था मिलाएको छु । जलस्रोत तथा सिंचाईका लागि गाउँपालिकाबाट रु. २२ लाख विनियोजन गरेको छु । औजार एवम् प्रविधि, मल, विउ, उपकरण तथा उपचार समेतका लागि कृषि र पशुपालनमा सशर्त तथा निशर्त बजेटबाट गाउँपालिका र वडासमेत गरी रू. १ करोड ८० लाख विनियोजन गरेको छु । साथै गाउँपालिकाबाट कृषि र पशु क्षेत्रको लागि रू. १ करोड ७२ विनियोजन गरेको छु । उद्योग, सहकारी तथा पर्यटनमा रू. ३७ लाख विनियोजन गरेको छु । कृषकहरूलाई उत्पादनको आधारमा दुधमा अनुदान रू. २० लाख विनियोजन गरेको छु ।

**ख. पूर्वाधार विकास क्षेत्रः**

३१. पूर्वाधार विकास क्षेत्र तर्फ रू. ४ करोड ७४ लाख विनियोजन गरिएको छ । जसमध्ये रू. २ करोड ५ लाख सर्शत रकम विनियोजन गरिएको छ भने गा.पा. तर्फबाट रू. २ करोड ६९ लाख विनियोजन गरिएको छ ।

३२. समग्र पूर्वाधार क्षेत्रको विकास गरी अगाडी बढ्ने पाणिनी गाउँपालिकाको नीति अनुरूप वडाको सिलिङबाट ५० प्रतिशत पुर्वाधार विकास विनियोजन हुने व्यवस्था मिलाएको छु ।

३३. मोटर बाटोमा यस वर्ष मर्मतको लागि मात्र बजेट खर्च हुने र अत्यावश्यक एवम् अधुरा बाहेक नयाँ सडक निर्माणको लागि बजेट विनियोजन नहुने गरी व्यवस्था मिलाइएको छ ।

३४. विभिन्न मर्मत संम्भारको लागि रू. ५० लाख विनियोजन गरेको छु ।

**ग. सामाजिक विकास क्षेत्र**

३५. शिक्षा, स्वास्थ्य, संस्कृति, खानेपानी/सरसफाई, लैङ्गिक समानता तथा समावेशीकरणसमेतका क्षेत्रलाई ध्यान दिई कुल रू. ३६ करोड ७१ लाख २ हजार ३ सय विनियोजन गरिएको छ । जसमध्ये सशर्ततर्फ प्राप्त बजेट सङ्घीय सरकार सर्सत रू. ३२ करोड ३१ लाख विनियोजन भएकोमा गाउँपालिका बाट रू. ४ करोड ४० लाख २ हजार ३ सय

विनियोजन भएको छ । शिक्षा तर्फ रू. २८ करोड ३४ लाख विनियोजन भएको छ ।जसमा शसर्त बाट रु. २६ करोड ४४ लाख, गाउँपालिका बाट रू. १ करोड ९८ लाख विनियोजन गरेको छु । त्यसैगरी स्वास्थ्यमा रू. ६ करोड ६७ लाख विनियोजन गरेको छु । जसमा सशर्त बाट रु. ५ करोड ८७ लाख र गाउँपालिकाबाट रू. ८० लाख विनियोजन गरेको छु । खानेपानी तथा सरसफाईतर्फ रु. १ करोड ७ लाख २ हजार ३ सय, लैङ्गिक तथा सामाजिक समावेशीकरणमा रू. ६० लाख र युवा तथा खेलकूदको लागि आवश्यक बजेट विनियोजन गरेको छु । वडा कार्यालयहरूबाट यस क्षेत्रमा हुने विनियोजन समेत समावेश भएको छ।

३६. जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि तालिमहरूको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३७. विपद् व्यवस्थापनका लागि आवश्यक पूर्व तयारीका तालिम लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## घ. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र

३८. गाउँपालिकाबाट रु.७५ लाख विनियोजन गरेको छु । पहिरो व्यवस्थापन, वृक्षारोपण, मुहान संरक्षण, कार्ययोजना तर्जुमा लगायतको प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३९. यस क्षेत्र अन्तर्गत वातावरण तथा जलवायू अनुकुलन कार्यक्रमको लागि रू. ३२ लाख विनियोजन गरेको छु । त्यसैगरी, मानव संशाधन विकासमा रु. ५ लाख , शान्ति सुव्यवस्थामा रु ५ लाख, योजना तर्जुमा र कार्यान्वयनमा रु ५ लाख, प्रशासकीय सुशासन रु २५ लाख विनियोजन गरेको छु ।

४०. गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई बढाउदै डिजिटाइज स्मार्ट गाउँपालिकामार्फत सार्वजनिक सेवा प्रवाहलाई सु-व्यवस्थित गरिनेछ ।

४१. गाउँपालिकाको विपत् व्यवस्थापन तथा प्रकोप व्यवस्थापन कोषमा जम्मा रु. ५० लाख विनियोजन गरेको छु ।

४२. सेवा प्रवाहमा Online system, Token system, Help desk को प्रयोग गरी नागरिक सहायता कक्षको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**ङ. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च**

४३. गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरूको तलव भत्ता, पदाधिकारीको सेवा सुविधा, कार्यालय सामग्री तथा दैनिक प्रशासनिक कार्यको लागि आवश्यक पर्ने सामग्री खरिद लगायत मेसीनरी औजार खरिद, मर्मत, पानी तथा विजुली, सञ्चार जस्ता शिर्षकहरूका लागि रु. १० करोड ७० लाख विनियोजन गरेको छ ।

४४. सङ्घीय सरकारले व्यवस्था गरे अनुरुप २०८० श्रावण १ गते देखि स्थानीय सेवामा रहेका सबै स्थायी राष्ट्र सेवकको तलबमान लगायत अन्य सेवासुविधा सङ्घीय सरकारले तोके बमोजिम हुने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छ । साथै स्थानीय सेवाका कर्मचारीहरूलाई उत्प्रेरित गर्न स्थानीय सेवा पुरस्कारको व्यवस्था मिलाईनेछ ।

४५. यसबाट फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टर, सवारी साधन खरिद तथा भाडा, घर भाडा लगायतका कार्यालय व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक सामग्रीहरूको व्यवस्थामा खर्च गर्ने व्यवस्था मिलाएको छ ।

**च. म्याचिङग कार्यक्रमः**

४६. विभिन्न निकायहरूबाट लागत साझेदारी कार्यक्रम तथा योजनाहरूको लागि म्याचिङग कार्यक्रम तर्फ रू. ५० लाख विनियोजन गरेको छ ।

**सभाध्यक्ष महोदय,**

**आ.व. ०८०।८१ को प्रस्तावित आयव्यय अनुमान प्रस्तुत गर्न चाहान्छु ।**

४७. संघ र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, वित्तीय समानीकरण, राजस्व बाँडफाड, समपूरक अनुदान, विशेष अनुदान, चालु आ.व. को मौज्दात र आन्तरिक आय समेतबाट रू. ६२ करोड २८ लाख २ हजार ३ सय आम्दानी हुने अनुमान गरेको छु । जसमध्ये कुल आयतर्फ संघिय सरकार बाट प्राप्त सशर्त अनुदान ३७ करोड १५ लाख प्राप्त हुने अनुमान छ । जसमध्ये चालु सशर्त अनुदान रू. ३३ करोड ४५ लाख, शसर्त पुँजीगततर्फ रू. १ करोड ३५ लाख, सङ्घीय सरकार विशेष अनुदानतर्फ रू. १ करोड ३० लाख र सङ्घीय समपुरक तर्फ रू. १ करोड ५ लाख प्राप्त हुने अनुमान छ । त्यसैगरी, सङ्घीय समानीकरण अनुदानतर्फ रू. १० करोड २९ लाख सङ्घीय सरकार राजश्व बाडँफाडँतर्फ रू. ९ करोड ७४ लाख ७६ हजार ९ सय प्राप्त हुने अनुमान छ ।

४८. प्रदेश सरकारको सशर्त अनुदान, समानीकरण अनुदान र राजश्व बाडँफाडँबाट समेत गरी प्रदेश तर्फबाट रू. ३ करोड ३२ लाख २५ हजार ४ सय विनियोजन भएको छ । जसमध्ये प्रदेश सरकार सशर्त अनुदान चालुतर्फ रू. २१ लाख ५० हजार, ससर्त अनुदान पुँजीगततर्फ ८५ लाख, प्रदेश समानीकरणतर्फ ७३ लाख ६ हजार, प्रदेश समपुरक तर्फ १ करोड, र प्रदेश राजश्व तर्फ ५२ लाख ६९ हजार ४ सय प्राप्त हुने अनुमान छ ।

४९. आ.व २०८०/८१ मा आन्तरिक स्रोत तर्फ रु. १ करोड ७७ लाख सङ्कलन हुने अनुमान गरिएको छ ।

५०. सो आयबाट चालुतर्फ रू. ३८ करोड ३० लाख २३ हजार ४ सय १५ रुपैया अर्थात् ६१.५ प्रतिशत र पुँजीगततर्फ रु. २३ करोड ९७ लाख ७८ हजार ८ सय ८५ रुपैया अर्थात् ३८.५ प्रतिशत विनियोजन गरेको छु ।

५१. लक्ष्य अनुसार आन्तरिक स्रोत नउठेमा स्रोत शुनिश्चित भएपछी मात्र कार्यान्यवन प्रक्रिया अगाडी बढाईने व्यवस्था मिलाएको छु ।

५२. वस्तीस्तरबाट माग हुने गाउँपालिकाको स्रोतबाट सञ्चालन हुन नसक्ने ठूला योजनाहरूलाई केन्द्र तथा प्रदेश सरकारमा अनुरोध गर्ने व्यवस्था गरेको छु । साथै प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश हुने आयोजनाहरूलाई समेत यसै बजेटमार्फत सभाबाट स्वीकृतिका लागि व्यवस्था मिलाएको छु ।

**<u>बजेट कार्यान्वयन</u>**

५३. आयोजनाहरूको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकीय अधिकृत, प्राविधिक समेत आवश्यक जनशक्तिबाट हुने व्यवस्था मिलाइनेछ । आयोजनासँग सम्बन्धित विषयगत समिति, विषयगत शाखा हरूबाट समेत नियमित अनुगमन मुल्यांकनको व्यवस्था मिलाइनेछ । साथै सम्बन्धित वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरूबाट समेत अनुगमन मुल्यांकन हुने व्यवस्था मिलाइनेछ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु ।

**<u>जवाफदेहिता र उत्तरदायित्व</u>**

५४. विनियोजित पूँजीगत बजेट समयमा खर्च नहुने ढिलो गरी हतारले कार्य गर्ने तरिकालाई पूर्ण रूपमा निरुत्साहित गरिने छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, निर्माण

गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा निर्माण सम्बद्ध व्यवसायी तथा उपभोक्ता समिति परिणाम प्रति जवाफदेही तथा उत्तरदायी हुने प्रणालीको विकास गरिने छ ।

**सभाध्यक्ष महोदय,**

**यो बजेटको कार्यान्वयनबाट पाणिनी गाउँपालिकालाई थप अगाडी बढाउन मद्दत पुग्ने विश्वास लिएको छु ।**

बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, परामर्श दिने वडाध्यक्षज्युहरू, विभिन्न विषयका ज्ञाताहरू, विभिन्न राजनीतिक दलका नेताहरू, नागरिक समूहका अगुवाहरू, सामाजिक अभियान्ता, विषयगत शाखा/ईकाइ प्रमुखज्यू एवम् सञ्चारकर्मी लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै अहोरात्र खटिइ  नीति, कार्यक्रम र बजेट निर्माण कार्यमा सहयोग पुर्याउने कार्यालय प्रमुख एवम् सम्पुर्ण कर्मचारीहरूमा विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा,

पाणिनी गाउँपालिकाको विकासमा टेवा पुर्याउनुहुने सबै करदाताहरू, सङ्घीय सरकार, प्रदेश सरकार, संघ र प्रदेशमा यहाँबाट प्रतिनिधित्व गर्ने माननीयज्यूहरू, दातृ निकायहरू, गैरसरकारी तथा सामुदायिक सँस्थाहरू, सहकारी सँस्थाहरू लगायत पाणिनीवासी र पाणिनी गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण दाजुभाई दिदी बहिनीहरूलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

**धन्यवाद !**

**नर्मदा पौडेल गौतम**

उपाध्यक्ष

मितिः २०८०।०३।१०